# ऐसेलुखर्क गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्या :८ मिति :२०७५/०५/१०

# भाग २-

## ऐसेलुखर्क गाउँपालिकाद्वारा प्रकाशित

## ऐसेलुखर्क गाँउपालिका शिक्षा कार्यविधि २०७४

## परिच्छेद -१

**प्रस्तावना**

स्थानीय सरकार क्रियाशील भएको वर्तमान परिप्रेक्ष्यमा स्थानीय जनताहरुको इच्छा तथा भावना अनुकूल स्थानीय संघ संस्थाहरुको व्यवस्थापन गर्नु वाञ्छनीय भएकाले शिक्षा ऐन २०२८ (नवौं संसोधन) तथा शिक्षा नियमावली २०५९ को भावना विपरित नहुने नेपालको संविधानको अनुसूची ८ मा उल्लेखित अधिकार एवं स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ ले दिएको अधिकार प्रयोग गरी ऐसेलुखर्क गाँउपालिकाले गाउँपालिका शिक्षा कार्यविधि निर्माण गरी लागू गरेको छ ।

### १.सक्षिप्त नाम र प्रारम्भ :

क) यो कार्यविधिको नाम ‘ ऐसेलुखर्क गाउँपालिका शिक्षा कार्यविधि २०७४ ’ रहेको छ ।
ख)यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

### २. परिभाषा र व्याख्या :

विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा
क) गाउँपालिका भन्नाले ऐंसेलुखर्क गाउँपालिका लाई सम्झनु पर्दछ ।
ख)गाउँकार्यपालिका भन्नाले ऐंसेलुखर्क गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।
ग) सामाजिक विकास समिति भन्नाले गाउँकार्यपालिकाको सामाजिक विकास समितिलाई सम्झनु पर्दछ ।
घ) शिक्षा समिति भन्नाले ऐसेलुखर्क गाउँपालिका , गाउँ शिक्षा समितिलाई सम्झनु पर्दछ ।
ङ) अधिकृत भन्नाले गाउँकार्यपालिकको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।
च) शिक्षा संयोजक भन्नाले गाउँपालिका शिक्षा शाखाको प्रमुखलाई बुझाउँछ ।
छ) स्रोतव्यक्ति भन्नाले स्रोतव्यक्ति व्यवस्थापन निर्देशिका २०६८ (पछि संसोधित) अनुसार नियुक्ति पाएको शिक्षा स्रोत व्यक्तिलाई सम्झनु पर्दछ ।
ज) आधारभूत शिक्षा उत्तीर्ण परीक्षा भन्नाले आधारभूत तह कक्षा ८ को अन्तमा लिइने परिक्षालाई सम्झनु पर्दछ ।
झ) आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समिति भन्नाले आधारभूत तह कक्षा ८ को बार्षिक परीक्षा सञ्चालनार्थ नियमानुसार गठित समितिलाई सम्झनु पर्दछ ।
ञ) गाउँपालिका स्तरीय परीक्षा भन्नाले गाउँकार्यपालिकाको प्रत्यक्ष समन्वय र निर्देशनमा सञ्चालन हुने विद्यालयहरुको वार्षिक परीक्षालाई सम्झनु पर्दछ ।
ट) शिक्षक छनोट समितिभन्नाले विद्यालयमा रिक्त दरवन्दी (राहत, सट्टा, वाल शिक्षक,लेखा सहायक,कार्यालय सहयोगी ) मा करारमा शिक्षक पदपुर्तिका लागि गठित समितिलाई सम्झनु पर्दछ ।

ऐसेलुखर्क गाउँपालिका

## परिच्छेद २

**३) समिति गठन गर्नसक्ने** :शैक्षिक क्रियाकलापहरुलाई व्यवस्थित, मर्यादित र परिणममुखी बनाउन गाउँकार्यपालिकाले आवश्यक समिति गठन गर्न सक्नेछ ।

**३.१.आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समिति :**

आधारभूत तह कक्षा ८ को परीक्षा सञ्चालनार्थ गाउँपालिका स्तरमा देहाय बमोजिमको आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समिति गठन गर्न रहने छ ।
क) गाउँपालिकाको शिक्षा हेर्ने समिति( सामाजिक विकास समिति ) को संयोजक वा गाउँ शिक्षा समितिको अध्यक्ष – अध्यक्ष
ख) प्रमुख प्रशासकीय अधिकृत –सदस्य
ग) स्रोत व्यक्ति मध्येबाट गाउँपालिका प्रमुखले तोकेको १ जना –सदस्य
घ) कक्षा ८ सञ्चालनमा रहेका सामूदायिक संस्थागत विद्यालयका प्र.अ. तथा शिक्षकहरु मध्येबाट फरक फरक विषयको प्रतिनिधित्व हुने गरी कम्तीमा १ जना महिला सहित समितिले मनोनित गरेको ३ जना –सदस्य
ङ) गाउँपालिका शिक्षा शाखा प्रमुख –सदस्य सचिव
(विषय विज्ञलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।)

**३.२ समितिको काम कर्तव्य र अधिकार** :
आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समितिको कामकर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।
क) परीक्षालाई व्यवस्थित र मर्यादित बनाउँन आवश्यक नीति नियम निर्माण गर्ने ।
ख) प्रश्नपत्र निर्माण, मोडरेशन, छपाइ, प्याकिङ र वितरण गर्ने ।
ग) परीक्षा केन्द्र र केन्दाध्यक्ष तोक्ने ।
घ) उत्तर पुस्तिका परीक्षण गर्ने, उत्तर पुस्तिका सुरक्षित राख्ने वयवस्था मिलाउँने ।
ङ) मार्कसीट, मार्क लेजर तयार गर्ने, प्रमाणिकरण गर्ने र जारी गर्ने ।
च) परीक्षा सम्बन्धी काम कार्बाहीको अनुगमन गर्ने ।
छ) नतिजा प्रकाशन गर्ने ।
ज) परीक्षाको मर्यादा विपरीत आचरण गर्ने केन्द्राध्यक्ष, निरीक्षक र परीक्षार्थीलाई कार्यवाहीको दायरामा ल्याउँने ।

**४. गाउँपालिका स्तरीय परीक्षा समिति :**
शैक्षिक गुणस्तर अभिवृद्धि गर्न तथा मूल्याङ्कन पद्धतिमा एकरुपता ल्याउँन गाउँपालिका स्तरीय परीक्षा सञ्चालन गर्न निर्देशन गर्न सक्नेछ । जसका लागि आवश्यक समन्वय परिच्छेद ३ को ३.१ बमोजिम गठित समितिले गर्नेछ । समितिको काम, कर्तव्य र अधिकार ३.२ बमोजिम हुनेछ । तर ३.२ को बुँदा नं.घ , ङ र छ को काम समितिको समन्वयमा विद्यालय आफैले गर्नैछ ।

**५.१ शिक्षक छनोट समिति** :

गाउँपालिकभित्र सञ्चालनमा रहेका सममूदायिक विद्यालयमा रिक्त अस्थायी दरवन्दीमा करारमा शिक्षक नियुक्तिका लागि देहाय बमोजिमको शिक्षक छनोट समिति रहनेछ ।

क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य –अध्यक्ष
ख) गाउँ कार्यपालिकको प्रमुख प्रशाासकीय अधिकृत –सदस्य
ग) गाउँपालिकाको शिक्षा शाखा संयोजक –सदस्य
घ)माध्यमिक तहको शिक्षक छनोट गर्नुपर्ने भएमा शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर र अन्य तहको शिक्षक छनोट गर्नुपर्ने भए शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेका व्यक्तिहरु मध्येबाट गाउँपालिका प्रमुखले मनोनित गरेको १ जना –सदस्य
ङ) प्रधानाध्यापक –सदस्य सचिव

५.२.क) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालय कार्यालय सहयोगीको छनोट,शिक्षा शाखा संयोजक /सम्बन्धित स्रोतकेन्द्रको स्रोतव्यक्तिको समन्वयमा विद्यालय व्यवस्थापन समितिले बनाएको कार्यविधि अनुसार हुनेछ ।
ख) करारमा शिक्षक नियुक्तिका लागि गाउँ कार्यपालिकाबाट अनुमति लिनु पर्नेछ ।
ग) शिक्षक छनोटका लागि कम्तीमा १५ दिनको विज्ञापन गर्नु पर्नेछ, १/१ प्रति विज्ञापन वडा कार्यालय,स्रोतकेन्द्र, गाउँशिक्षा शाखा र गाउँकार्यपालिकको कार्यालयमा अनिवार्य पठाउँनु पर्नेछ ।
घ) यस भन्दा पूर्व भए गरेका शिक्षक छनोट सम्बन्धीका काम कार्यबाही यसै कार्यविधि अनुसार भएको मानिनेछ ।
ङ ) कार्यालय सहायक र वालशिक्षक छनोट ५.१ अनुसार गठित समितिले गर्नेछ ।
च ) परीक्षा केन्द्र गाउँशिक्षा शाखामा हुनेछ ।
छ ) शिक्षक छनोट सम्बन्धी अन्य कुराहरु प्रचलित संघीय नियमानुसार हुनेछ ।

## परिच्छेद ३

## ६. विदा तथा काज सम्बन्धी व्यवस्था :

१) प्रधानाध्यापकको विदा व्यवस्थापन समिति अध्यक्ष र शिक्षकको विदा प्रधानाध्यापकले दिनेछ तर एकपटकमा ३ दिन सम्मको पर्व वा भैपरी आउँने विदा प्रधानाध्यापक आफैले लिन सक्नेछ ।
२) शिक्षकले प्रधानाध्यापक र प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समितिको अध्यक्षको अनुमति लिई बढीमा १ हप्ता सम्म काजमा जान सक्नेछ तर काजमा जानुको औचित्य विद्यालय व्यवस्थापन समितिले पुष्टि गर्नु पर्नेछ ।
५. प्रधानाध्यापकले प्रत्येक शैक्षिक वर्षको अन्त्यमा विद्यालय व्यवस्थापन समितिको बैठकबाट शिक्षकको सञ्चित बिरामी बिदा प्रमाणित गराई गाउँशिक्षा शाखामा दुई प्रति पेश गर्नु पर्नेछ । शिक्षा शाखाले १ प्रति प्रमाणित गरी विद्यालयलाई उपलव्ध गराउँनेछ ।

तमेखुवा गाउँपालिका

३) शिक्षकले पाउँने विदा र त्यस सम्बन्धी अन्य सुबिधा प्रचलित नियम अनुसार हुनेछ ।
४) गाउँकार्यपालिकाले आवश्यक ठानेमा विद्यार्थी अनुपातका आधारमा दरवन्दी बढी भएको गाउँपालिका भित्रका कुनै पनि विद्यालयको शिक्षकलाई गाउँकार्यपालिकको कार्यालयमा पुलमा राख्न सक्नेछ । त्यसरी पुलमा राखिएको शिक्षक दरवन्दी कम भएको विद्यालयमा पठाइनेछ ।
५) कुनै खास कार्य सम्पन्न गर्ने प्रयोजनार्थ वा अन्य कुनै मनासिब कारण देखिन आएमा शिक्षा शाखा संयोजकको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले निश्चित समयका लागि कुनै पनि शिक्षकलाई गाउँकार्यपालिकाको कार्यालयमा काजमा राख्न सक्नेछ ।

## परिच्छेद ४

**७ .विविध**

**७.१वाधा अड्काउ फुकाउ** : यो कार्यविधिको उद्देश्य कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले आवश्यक कार्यविधि थप गरी कार्यान्वयन गर्नेछ । त्यस्तो कार्यविधि यसै कार्यविधिमा परे सरह मानिनेछ ।

**७.२ बचाउ** : यो कार्यविधिमा लेखिए जति कुरा सोही बमोजिम र नलेखिएका कुरा प्रचलित नियम बमोजिम हुनेछ ।

रुम्जाटार गाउँपालिका

आज्ञाले,

जीवन निरौला

प्रमुख प्रशासकीय अधिकृत

एम्लुख्र्क गाउँपालिका